गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा (Bhumlichok, Gorkha)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province,Nepal)

प.सं:(DispatchNo.) : ०८०/८१
च नं.(Ref.No) : २६०१
मिति(Date) : २०८१/०१/२१

श्री पौडेल सप्लायर्स ,
धादिङ ।

**विषयः सम्झौता गर्न आउने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा, यस गण्डकी गाउँपालिकामा Procurement Supply & Delivery of Agriculture Equipments and Tools कार्य ठेक्का प्रक्रिया मार्फत गर्ने सन्दर्भमा प्रकाशित ठेक्का नं. GRM/GOODS/NCB/15/2080.81 अनुसारको सूचना बमोजिम पर्न आएको बोलपत्र मध्ये त्यस सप्लायर्सको नामवाट पेश हुन आएको कवोल अंक (भ्याट सहित) रु.२६,६९,०९८ (छब्बीस लाख उनान्सत्तरी हजार अन्ठाननब्बे ) मात्र भएको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृत गर्न छनौट गरी मिति २०८१/०१/१४ गतेको हिमालय टाइम्स दैनिक पत्रिकामा ७ दिने आशयको सूचना प्रकाशित हुँदा कोही कसैवाट कुनै दाबी विरोध हुन नआएकोले कार्यालयको मिति २०८१/०१/१३ को निर्णयानुसार बोलपत्र स्वीकृत गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ को उपदफा २ बमोजिम त्यस सप्लायर्सवाट लागत अनुमानको आधारमा १५ प्रतिशत भन्दा माथी अंक घटेर कवोल गरेको पाईएकोले सो बमोजिम हुने रकम रु.२,१९,७७२/१७ (दुई लाख उन्नाइस हजार सात सय बहत्तर रुपैया सत्र पैसा ) घटी नहुने गरी सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम ११० मा तोकिए बमोजिम म्याद समाप्त हुने अन्तिम मितिले कम्तीमा १३ महिना भन्दा बढी अवधि मान्य हुने गरी यस कार्यालयको नाममा वाणीज्य बैंक वा ग्यारेन्टी जारी गर्ने अधिकार प्राप्त वित्तिय संस्थावाट बैंक ग्यारेन्टी बनाई बैंक ग्यारेन्टी पत्रको सक्कलै प्रति सहित पत्रका मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न आउनु हुन जानकारी गरिन्छ । तोकिएको समय भित्र र प्रक्रिया पुरा भई सम्झौता गर्न नआएमा प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम भई जाने व्यहोरा यसै पत्र साथ सूचित गरिन्छ ।

२०८१/०१/२१
.........................................
नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क :९८५६०१०९७६ , E-mail : gandakirm@gmail.com , website :gandakimun.gov.np